Page-07-Bishesh.qxd 12/29/2009 8:38 PM Page 1

गणराज्य घोषणाको विरोध निरर्थक

रामचन्द्र भट्टराई

वर्तमान सरकारको छत्रछायाँमा विद्रोही पूर्वप्रहरीहरूले जेलभित्र डाडु-पन्यूँको टुप्पाले नाडी छेडेर भोक हडताल गरी न्यायको गुहार मागिरहेका छन्। प्रहरी सेनामा सेवारत महिला प्रहरीले पुरुष प्रहरीले गरेको हृदयविदारक बलात्कारको विषयलाई लिएर रुँदै न्यायको ढोका ढक्ढक्याइरहेकी छिन् र यो दु:खद समाचार सुन्ने जुनसुकै मान्छेको मुटु छियाछिया भएको छ। राष्ट्रसेवामा कार्यरत जिल्लाको प्रमुख हाकिमकै गालामा बज्रेको मन्त्री करिमा बेगमको थप्पड सम्पूर्ण राष्ट्रसेवकको हृदयमा बज्रेको छ। गाँस, वास र कपासका लागि जनताको साझा धर्तीमा टहरा बनाएर बसेका सुकुमवासीलाई वैज्ञानिक भूमिसुधार गरी व्यवस्थित बसोवास गराउनुपर्नेमा उल्टो झुपडीमा आगो लगाएर भस्म पार्ने र जनतालाई गोलीले भुट्ने काम गरिएको छ। नागरिक सर्वोच्चताको विषयलाई लिएर प्रतिपक्षी एकीकृत माओवादीले गरेको शान्तिपूर्ण आन्दोलनमाथि दमनचक्र चलाएर हिटलरी ताण्डवनृत्य प्रस्तुत गरिएको छ। अनि हालै मात्र भैरवनाथ गणमा रहेर नागरिक बेपत्ता पार्नेहरूका नाइके तोरणबहादुर सिंहलाई बढुवा गरिएको छ। वर्तमान सरकारका गतिविधि कुन वर्गको हित रक्षार्थ केन्द्रित छन् भन्ने कुरा यी घटनाहरूबाट स्पष्ट हुन्छ।

जसले जे गरे पनि हुने र त्यसबारे कुनै न्याय नहुने यो अजब नेपालको कस्तो गजब चाला हो? न्याय नपाए गोरखा जानू भन्थे। गोरखाली राजा पृथ्वीनारायण शाहले केन्द्रीकृत र एकात्मक सामन्ती सत्ता कायम गर्न नेपाल एकीकरणको नाममा जनताका नाक-कान काटेर राज्य विस्तार गरी अहिलेको नेपाल बनाउने प्रारम्भ गरे पनि शाह राजाहरूले जनतालाई न्याय दिने सवालमा उक्त उखान चरितार्थ गरेनन्। तिनको वंश विनाश गरेर जनताको रगतले लत्पतिएको संघीय गणतन्त्र ल्याउँदा पनि सानालाई ऐन, ठूलालाई चैन भन्ने उखान चरितार्थ हुन छाडेको छैन।

दुई सय ४० वर्षको केन्द्रीकृत र एकात्मक सामन्ती राज्यसत्तालाई निषेध गरेर देशमा संघीय स्वायत्त गणतन्त्र स्थापित गर्ने कुरा ऐतिहासिक १२ बुँदे सहमति, विस्तृत शान्तिसम्झौता र हाल विद्यमान अन्तरिम संविधानमा उल्लेख भएका कुरा हुन्। संविधानसभा, व्यवस्थापिका-संसद् र त्यसबाट बनेको सरकारको मुख्य काम संघीय गणतान्त्रिक संविधान निर्माण र राज्यको दैनिक प्रशासनिक कामकाज तथा जनतालाई न्यायको प्रत्याभूति दिलाउनु हो। संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यको पुनर्संरचना र स्वाधीन जनमुखी संविधान निर्माण, सेना समायोजन र शान्तिप्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने काम अन्तरिम संविधानको अभीष्ट हो। यसका लागि विचारमा वर्गसंघर्ष हुँदाहुँदै पनि संघीय गणतन्त्रको सवालमा प्राय: सबै राजनीतिक दलको मतैक्य छ र त्यसबारे संविधानसभाका विषयगत समितिहरूमा बहस छलफल चलिरहेको छ। र, सके सर्वसम्मत, सम्भव नभए मतदानको प्रक्रियाद्वारा टुंगोमा पुऱ्याउने कसरत भइरहेको छ। जनताको राष्ट्रिय संघीय गणतन्त्र र बुर्जुवा संघीय गणतन्त्रका बीच वैचारिक वर्गसंघर्ष संविधान सभाको टेबुलमा चलिरहेको छ तापनि संघीय राज्यको प्रश्नमा औंलो ठड्याउने ठाउँ १२ बुँदे सहमतिदेखि सबै सहमति र सम्झौता एवं अन्तरिम संविधानले बन्द गरिदिएको छ।

यसैबेला जनतालाई थप जागृत पार्दै एकीकृत माओवादीले प्रचारात्मक दृष्टिले संघीय गणराज्यहरूको घोषणा गरिरहेको छ। यसले मुलुकलाई पुरानै एकात्मक शासन पद्धतिमा फर्काउन चाहनेहरूको निद्रा बिथोलिएको छ। यही सन्दर्भमा अन्नपूर्ण पोष्टमा हालै प्रकाशित मोदनाथ प्रश्रितजीको लेखमा उल्लिखित विषयहरूबारे केही चर्चा गर्न चाहन्छु। माओवादीले गणराज्य घोषणा गर्दै हिँडेको कुराले लेखक महोदयको मनमा नौ रेक्टर स्केलको भूकम्प गएको स्पष्ट बुझ्न सकिन्छ। पुँजीवादपन्थीहरूले रूसको मास्कोमा मार्क्स र लेनिनका सालिक ढाल्दा प्रश्रितजीको मन दुखेको थिएन। तर, सिंहदरबारअगाडि ठडिएको सामन्ती अधिनायकवादको प्रतीक पृथ्वीनारायण शाहको सालिक तोडिएकोमा भने उनले आफ्नै टाउको फुटेझैं गरेर उतिखेरै छापामा कोकोहोलो मच्चाएका थिए। अहिले एकीकृत माओवादीले संघीय स्वायत्त गणराज्यको प्रचारात्मक घोषणा गर्दा लेखकलाई आपत्ति किन भयो? बुझ्न सकिएन। किनकि, देशलाई संघीय गणराज्य बनाउने कुरामा मोहनविक्रम समूहबाहेक अहिले कसैको पनि विमति छैन।

> संघीय गणराज्यको विरोध भनेको १२ बुँदे सहमति, विस्तृत शान्तिसम्झौता, अन्तरिम संविधान, संविधानसभा र आमनेपाली जाति, क्षेत्र, लिंग र वर्गको स्वायत्त अधिकारको विरोध हो।

संघीय गणराज्य बनाउने कुरा के माओवादीको मात्र हो? लेखक महोदयले संघीय गणराज्यको विरोध गरेर के फेरि मुलुकलाई दुई सय ४० वर्षीय केन्द्रीकृत र एकात्मक सामन्ती राज्यसत्तातिर फर्काउन चाहेका हुन्? संघीय गणराज्यको विरोध भनेको १२ बुँदे सहमति, विस्तृत शान्तिसम्झौता, अन्तरिम संविधान, संविधानसभा र आमनेपाली जाति, क्षेत्र, लिंग र वर्गको स्वायत्त अधिकारको विरोध हो। देशका मुख्य राजनीतिक दल र मधेसवादी दलसमेतले माओवादीले आफूखुसी गणराज्यको घोषणा गऱ्यो भन्ने गुनासो गरेका छन्, तर संघीय गणराज्यको विरोध गरेका छैनन्। उनीहरूको गुनासो त माओवादीले अरूलाई बेवास्ता गर्दै सबैभन्दा पहिले उछिनेर घोषणा गरेकोमा मात्र हो। ती पार्टीभित्रका कतिपय सामन्तवादपन्थीहरू, दलाल नोकरशाहपन्थीहरू र मुलुकलाई अग्रगमनतिर लैजान नचाहनेहरू ठाडै संघीयताको विरोध गर्न नसकेर संघीय गणतान्त्रिक संविधान बन्नै नदिने र विभिन्न बहानाबाजी र आलटाल गरेर संविधानसभा नै भंग गराई अर्कैखालको आफ्नो वर्गस्वार्थ अनुकूलको परिस्थिति ल्याउने मनसायले अँध्यारो कुनामा बसेर तानाबाना बुन्ने षडयन्त्र गरिरहेका छन्। तर, एकीकृत माओवादीले सयौं वर्षदेखि जातीय, क्षेत्रीय, वर्गीय, लिंगीय उत्पीडन र मनुवादी धार्मिक अहंकारवादमा पिल्सिएका जनता, उनको भूमिभोगबहुलका आधारमा संघीय स्वायत्त गणराज्यको घोषणा गरेको छ। यसको अर्थ ती घोषित गणराज्यमा बस्ने अरू जातिको अधिकार हुँदैन भन्ने किमार्थ हैन। समानुपातिक रूपमा राज्यमा सबै जातजाति वर्ग, लिंगको अधिकार सुरक्षित हुनेछ। लेनिनले सोभियत स्वायत्त गणराज्यहरू निर्माण गर्दा के राज्य टुक्रिएका थिए? त्यहाँ समाजवादी सत्ता ढालेर पुँजीवादपन्थीहरूले सत्ता हातमा लिएपछि सोभियत संघ विखण्डित भयो। सोभियत समाजवादी सत्ताको पतन र सोभियत संघको विखण्डनको दोषी मार्क्सवाद लेनिनवाद र समाजवाद हैन, त्यहीँका संशोधनवादी ख्रुस्चोभ र ब्रेजनेभ तथा विसर्जनवादी आत्मसमर्पणवादी मिखाइल गोर्बाचोभहरू दोषी हुन्। समाजवादको नाममा चलाइएको मनपरीतन्त्र नै वस्तुत: सोभियत समाजवादी सत्ताको पतन र सोभियत संघको विखण्डन हो। यहाँ पनि संघीय स्वायत्त गणराज्य घोषणा गर्दैमा देश टुक्रिने हैन, खण्डित हुने कारक तत्त्व भनेको सत्तासीनहरूको मनपरीतन्त्र नै हुने निश्चित छ। लेखक महोदयले पृथ्वीनारायण शाहले राज्यविस्तारलाई नेपाल एकीकरणको श्रीपेच लगाइदिएर उनको हनुमान् चालिसा पाठ गर्दै माओवादीले अन्तरिम संविधानको भावना र मर्मबमोजिम देशलाई प्रचारात्मक दृष्टिले संघीयतामा लैजादा बाईसे-चौबीसे राज्य र तिनका भुरे-टाकुरे राजा बनाउन खोजेको आरोप लगाएका छन्। यदि राजनीतिक दलहरूका बीच सहमति बन्यो र तोकिएको समय-सीमाभित्र संविधान बन्यो भने त्यो संविधान संघीय गणराज्यसहितको संविधान बन्नेछ। कतिवटा गणराज्य बनाउने र तिनको भौगोलिक सीमा कहाँ-कहाँ कसरी निर्धारण गर्ने भन्ने विषयमा बहस हुनसक्छ। प्राय: सबै दलले संघीय राज्यको खाका प्रस्तुत गरिसकेका छन्। तिनलाई एकै ठाउँमा राखेर संवैधानिक समितिले एउटा निष्कर्ष निकाल्नेछ र संविधानसभाबाट पारित हुनेछ। यस्तो विषयमा लेखकले छापामा फागु खेलेर माओवादीलाई होच्याउन खोज्नु उपयुक्त थिएन।

प्रवास संघर्ष र सफलता

रामकुमार कामत/अन्नपूर्ण

नयाँदिल्ली : अर्घाखाँचीका रामप्रसाद पोखरेल जुन बेला माध्यमिक विद्यालयमा पढ्दै थिए, त्यसबेला सँगैका केही सहपाठी फुर्सदको बेला खेलेको र अरु बेला पढेको देखेर उनलाई नरमाइलो अनुभव हुन्थ्यो। किनभने, उनको चिन्ता पढाइभन्दा पनि आफ्नो स्कुल फी कसरी जुटाउने भन्नेमा हुन्थ्यो। उता घरको आर्थिक स्थिति कमजोर भएकोले आठजनाको परिवार चलाउने जिम्मा पनि उनकै काँधमा थियो। जसले गर्दा उनले पढाइका साथैसाथै चिया र पेडा बेचेर भए पनि माध्यमिक तहसम्मको पढाइ पूरा गरे।

घरको जेठो सन्तान भएको नाताले एसएलसीको जाँच दिएपछि पोखरेलले पारिवारिक आर्थिक बोझ बोक्नुपऱ्यो। आर्थिक अभावकै कारण उनले एकसरो कमिज र पाइन्टभन्दा बढी पोसाक लगाउन पाएनन्, जुत्ता, चप्पल किनेर लगाउन सकेनन्।

'त्यतिखेर म ठिटो थिएँ। कयौं दिनसम्म हिँडेरै प्युठान तथा सल्लान जान्थें र तोरीको तेल तथा सखर ल्याएर आफ्नो गाउँमा बेच्थें', पोखरेल दुई दशकअघिको आफ्नो जीवन संघर्ष सम्झँदै भन्छन्। यति गर्दागर्दै पनि उनको परिवारमा अभावले छोडेको थिएन। त्यो अभाव हटाउन उनले कहिलेकाहीं अर्काको घरमा पुरेत्याइँसमेत गर्नुपऱ्यो, जसबाट उनको पढाइमा निकै असर पुग्यो। फलस्वरूप उनी एसएलसीमा अनुत्तीर्ण भए। त्यसपछि उनले पढ्ने हिम्मत गरेनन्। परिवार चलाउनु नै उनको लागि प्रमुख कर्तव्य बन्यो। त्यसपछि उनले अदालतमा लेखापढी काम गर्न थाले। पोखरेल नजानिँदो तरिकाले २०४६ को जनआन्दोलनमा जिल्लामा अग्रपंक्तिमा रहे। जनआन्दोलन सफल हुनु केही दिनअघि प्रहरीले धरपकड तीव्र पारेपछि उनले आफूविरुद्ध पनि वारेन्ट काटिएको थाहा पाए। त्यसपछि मामाले उनलाई कपिलवस्तु पठाए र त्यहाँबाट उनी साथीसँग भारतको पन्जाबस्थित लुदियाना सहर आइपुगे।

> भारत आएपछि पनि पोखरेललाई समस्याले छोडेन। तर, उनले एक दिन लक्ष्यमा पुगेरै छोड्ने अठोट लिँदै संघर्ष गरिरहे। भारत आएको २० वर्षपछि पोखरेलले सोचेभन्दा बढी सफलता हासिल गरे। अन्तत: धैर्य र मेहनतको फल मीठो हुन्छ भन्ने प्रमाणित गरेरै छोडे।

भारत आएपछि पनि पोखरेललाई समस्याले छोडेन। तर, उनले एक दिन लक्ष्यमा पुगेरै छोड्ने अठोट लिँदै संघर्ष गरिरहे। भारत आएको २० वर्षपछि पोखरेलले सोचेभन्दा बढी सफलता हासिल गरे। अन्तत: धैर्य र मेहनतको फल मीठो हुन्छ भन्ने कुरा उनले प्रमाणित गरेरै छोडे। पैसा नभएर सडकछेउका टेन्टमा थुप्रै रात र कठ्यांग्रिँदो जाडो बिताएका पोखरेलका अहिले नयाँदिल्लीमा दुइटा घर छन्। एउटा नोएडामा र अर्को मालवीयनगरमा छ। पोखरेलसँग निजी कार पनि छ। पोखरेलका दुई बालबालिका नयाँदिल्लीको स्तरीय स्कुलमा पढ्छन्। प्राथमिक स्कुलमा पढ्ने दुई सन्तानका लागि प्रत्येक महिना झन्डै १० हजार भारु खर्च गर्छन्। भारतमा पहिलोपल्ट उनले एक पेन्टिङ पसलमा सहयोगीको काम पाए। तर, त्यहाँ कामको समयको कुनै टुंगो नहुनाले कहिलेकाहीं पोखरेललाई रातभर जाग्रामै बस्नुपर्थ्यो। केही महिनापछि पोखरेलका एकजना साथीले उनलाई सजिलो काम लगाइदिने आश्वासनमा दिल्ली लिएर आए र तीस हजारी अदालतको एउटा क्यान्टिनमा सहयोगीको जागिर खोजिदिए। पहिलेको भन्दा राम्रो काम पाएकोमा उनी खुसी थिए। तर, केही दिनपछि आफ्ना मालिक जँड्याहा र हेपाहा रहेको थाहा पाएपछि पोखरेलले त्यो काम छोडे। सन् १९९२ मा उनले आफ्ना नातेदारको सहयोगबाट हौजखासमा काम पाए। निर्माण सामग्री आपूर्ति गर्ने उक्त संस्थाले उनलाई महिनाको तीन सय ५० रुपैयाँ तलब दिन्थ्यो। यो ठाउँमा काम पाउनु पोखरेलको लागि भाग्यसाबित भयो भन्दा फरक नपर्ला। यहीं काम गर्ने क्रममा पोखरेलले नजिकैको इन्डियन ओभरसिज बैंकका प्रबन्धक सान्मागुमसँग परिचित हुने मौका पाए। तिनले पोखरेललाई उनको शिष्ट व्यवहार र सहयोगका लागि राम्रो टिपमात्र दिएनन्, आफ्नो बैंकमा महिनाको एक हजार पाँच सय तलबमा पार्टटाइम पनि मिलाइदिए। यो फर्ममा काम गर्दागर्दै पोखरेल आफैं व्यवसाय गर्नसक्ने भए। केही समयपछि उनले फर्मको जागिर छोडे। त्यसपछि पोखरेलले चिट्ठाको एजेन्सी लिए र राम्रै आम्दानी गरे। कहिलेकाहीं उनको कमाइ दैनिक हजार रुपैयाँसम्म पनि हुन्थ्यो तर १९९४ मा दिल्ली सरकारले चिट्ठाको कारोबारमा प्रतिबन्ध लगाएपछि पोखरेलले अर्को व्यवसाय सुरु गरे। डेढ लाख रुपैयाँको लगानीमा निर्माण सामग्री आपूर्ति गर्ने कम्पनी खोले। 'तर त्यतिले मात्रै म सन्तुष्ट भइनँ र पेजर कम्पनीको काम पनि लिएँ', उनी भन्छन्। निर्माण सामग्री व्यापारमा लागेको चार वर्षपछि पोखरेलले तीन लाख ५० हजार रुपैयाँमा एउटा ट्रक किने, जसबाट उनको व्यापार विस्तारमा निकै मद्दत पुग्यो। २००३ यता उनको वार्षिक व्यापार करोडौं रुपैयाँसम्म हुने गरेको छ।

दिल्ली बसाइले पोखरेलको आर्थिक समृद्धि त ल्यायो नै, उनलाई सहृदयी र सहयोगी एक भारतीय परिवारसँग पनि परिचित गरायो। बेलायत बसोबास गर्ने त्यस परिवारले उनलाई दिल्लीको आफ्नो घरमा सित्तैमा बस्न दियो। त्यसबापत पोखरेलले पनि घरवालाको हितरक्षामा सहयोग पुऱ्याए। सँगै बस्ने एकजना भारतीयले त्यो घरमा षड्यन्त्रपूर्ण तरिकाबाट आफ्नो मोहियानी हक कायम गर्नका लागि पोखरेललाई विभिन्न प्रलोभन देखायो, यदि नमाने गुन्डा लगाएर कुटाउने धम्की पनि दियो। तर, पोखरेलले विचलित नभई घर मालिकलाई ती बहालवालाको सबै कुरा बताइदिए।

'मेरो त्यही गुनका कारण अहिले घरवालाले मलाई सक्दो सहयोग गर्छन्। मेरो भाइलाई गत वर्ष बेलायत लगे। मलाई पनि बेलायत प्रबासका लागि सहगोग गर्छु भनेका छन्, तर म आफ्नै व्यापारले गर्दा जान्न', पोखरेल भन्छन्। ती घरवालाको सहयोगमा पोखरेलले आफ्ना गाउँमा केही युवालाई पनि बेलायत प्रबासमा पठाइसकेका छन्।

विगत फर्केर हेर्दा पोखरेल निकै खुसी छन्। दुई दशकको प्रबास बसाइका क्रममा सोचेभन्दा बढी सम्पत्ति आर्जन गर्न उनी सफल भएका छन्। अर्कोतिर आफूले चाहेजस्तै क्षमतावान जीवन साथी फेला पारेका छन्। 'आफूले कम पढेकोले हिन्दी र अंग्रेजी धाराप्रवाह बोल्नसक्ने जीवन साथीको खोजीमा थिएँ, नभन्दै पाएँ', उनले भने। पोखरेललाई अहिले अंग्रेजी भाषामा ज्ञान नभएकोमा पछुतो छ। ग्राहकले अंग्रेजीमा कुरा गर्दा पोखरेललाई असजिलो पर्ने गरेको छ। 'जुन बेला अरु अंग्रेजीमा बोलिरहेका हुन्छन्, मैलेचाहिँ हिन्दी बोलेर काम चलाउनुपर्दा निकै नरमाइलो लाग्छ', उनी भन्छन्। यस्तो समस्या नआओस् भनेर उनले दोभासे राखेका छन्। अहिलेको समयमा कुनै पनि काम गर्नका लागि अंग्रेजीमा पोख्त हुनुपर्ने उनको धारणा छ।

'जतिसुकै दु:ख खप्न किन परोस्, आफ्ना बालबालिकालाई आधुनिक युगले खोजेजस्तो अंग्रेजी शिक्षा पढाएर स्तरीय बनाएरै छोड्छु', उनले आत्मविश्वास प्रकट गरे।

जुटफुटमै अलमलिए लिम्बू र खम्बू संगठन

रोशन साँवा/अन्नपूर्ण

संघीय राज्यको माग गर्दै पूर्वी नेपालमा खुलेका लिम्बूजन्य र खम्बूजन्य संगठनहरू जुटफुटमै अलमलिरहेका छन्। लिम्बूजन्य र खम्बूजन्य संगठनहरू पछिल्लो समयमा आपसी एकताका लागि दौडधूपमा लागेका छन्। फुटेर तीनवटा भएका संघीय लिम्बुवान राज्य परिषद्हरू अहिले एउटै हुन कसरत गरिरहेका छन्। 'शान्तिपूर्ण आन्दोलन गरेर लिम्बुवान राज्य प्राप्ति गर्न एकता अनिवार्य छ। त्यसैले हामी एकताका लागि जोड गरिरहेका छौं। एकता हुन सकेन भने कार्यगत एकता गर्छौं', संघीय लिम्बुवान राज्य परिषद्का अध्यक्ष मिसेकहाडले बताए।

सञ्जुहाङ पालुङ्वा, कुमार लिङ्देनलगायतले २०६२ मंसिर २७ गते झापाको बिर्तामोडमा भेला आयोजना गरेर संघीयताबारे वकालत गर्न संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च जन्माएका थिए। मञ्चले लिम्बुवान, खम्बुवान, ताम्बासालिङ, थरूहटलगायत १३ प्रान्तको अवधारणा अघि सारेर परिषद्हरू गठन गर्न थालेपछि २०६३ कात्तिक २७ गते संघीय लिम्बुवान राज्य परिषद् गठन भएको थियो। संघीय लिम्बुवान राज्य परिषद्को सञ्जुहाङ पालुङ्वा अध्यक्ष र कुमार लिङ्देन महासचिव भएका थिए। तर, २०६४ मंसिर २९ गते पालुङ्वाले मञ्चले परिषद्माथि हस्तक्षेपकारी भूमिका निर्वाह गरेको भन्दै मञ्चबाट परिषद् अलगिएको घोषणा गरे। मञ्च निकट परिषद्मा अध्यक्ष कुमार लिङ्देन र महासचिव मिसेकहाङ लिम्बू भए। २०६५ फागुन १८, १९ र २० गते फिदिम, पाँचथरमा भएको राष्ट्रिय सम्मेलनपछि मिसेकहाङ अलग्गिएर संघीय लिम्बुवान राज्य परिषद् (क्रान्तिकारी) खोले। त्यसले मञ्चलाई समेत विभाजित बनायो।

विभाजन भएर तीन टुक्रा भएका परिषद्मा नीतिगत मतभेदचाहिँ छैन। पालुङ्वा, लिङ्देन र मिसेकहाङ समूहले अरुणपूर्वको नौ जिल्लालाई ऐतिहासिक पृष्ठभूमिका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान माग्दै आएका छन्। लिम्बुवान स्वायत्त राज्यमा कुनै जातिको अग्राधिकार, विशेषाधिकार नभई समान अधिकार रहने, बहुभाषिक नीति र रक्षा, परराष्ट्र तथा मुद्रा केन्द्रमा र बाँकी अधिकार राज्यमा रहनेलगायतका अवधारणा तीनवटै संगठनको मिल्छन्।

संगठन विभाजन भएपछि पटक-पटक आपसमा भिडेका लिङ्देन र पालुङ्वा समूहका लिम्बुवान भोलिन्टियर्सले बारम्बार एकीकरणका लागि दबाब दिइरहेको छ। त्यसैले ती संगठनहरू अहिले मिल्नका लागि कसरत गरिरहेका छन्। 'दुई-चार चरणमा कुरा भइसकेको छ। यसै महिनाभित्र एकीकरण हुनेमा म पूर्ण विश्वस्त छु', सञ्जुहाङ पालुङ्वाले बताए।

> पालुङ्वा, लिङ्देन र मिसेकहाङ समूहले अरुणपूर्वको नौ जिल्लालाई ऐतिहासिक पृष्ठभूमिका आधारमा लिम्बुवान राज्य माग्दै आएका छन्।

उता, खम्बुवान स्वायत्त राज्य माग्ने किरात जनवादी वर्कर्स पार्टी, किरात वर्कर्स पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा, खम्बुवान डेमोक्रेटिक फ्रन्ट, खम्बुवान स्वायत्त सरोकार मञ्चबीच पनि नीतिगत मतभेद खासै छैन। सबैले ऐतिहासिक आधारमा तमोर पश्चिम र इन्द्रावती पूर्वको क्षेत्र खम्बुवान स्वायत्त राज्य हुनुपर्ने बताइरहेका छन्। स्वायत्त राज्यको राजधानी भोजपुर हुनुपर्नेमा पनि सहमत नै छन्। सबैले खम्बुवानमा समान अधिकार रहने, त्रिभाषिक हुने नै कुरा गरेका छन्। 'लक्ष्य-उद्देश्य मिलेर मात्र नहुने रहेछ। व्यक्तिगत प्रवृत्ति र काम गर्ने शैलीले प्रभाव पार्दोरहेछ। तर, अहिलेचाहिँ एक भएर जान पहल गरिरहेका छौं', खम्बुवान डेमोक्रेटिक फ्रन्टका अध्यक्ष इन्द्रहाङ खम्बूले बताए।

खम्बुवान राष्ट्रिय मोर्चाका अध्यक्ष राम खम्बूले पनि किरात जनवादी वर्कर्स पार्टीलगायतका संगठनहरूसँग एकीकरणका लागि छलफल गरिरहेको जानकारी दिए। खम्बूजन्य संगठनहरू पनि एकै ठाउँबाट टुक्रिएर धेरैवटा बनेका हुन्। खम्बुवान राष्ट्रिय मोर्चा २०४९ भदौ ५ गते गठन भएको थियो र २०५४ साउन ७ गते विभिन्न ठाउँमा बम विस्फोट गराएर भूमिगत भएको थियो। तर, गोपाल खम्बूले नेतृत्व गरेको उक्त मोर्चा २०५८ सालमा माओवादीमा विलय भयो र किरात राष्ट्रिय मोर्चा गठन भयो। माओवादीमा विलय भएपछि असन्तुष्ट बनेकाले किरात जनवादी वर्कर्स पार्टी खोले। वर्कर्स पार्टीभित्रकै एक समूहले पछिल्लो समयमा आङ्गामीको नेतृत्वमा किरात वर्कर्स पार्टी खोलेको छ। किरात जनवादी वर्कर्स पार्टी पनि सरकारसँग वार्तामा बस्न थालेपछि दुई टुक्रा भएको छ।

२०६३ साल माघमा बीके कोयूले खम्बुवान राष्ट्रिय मोर्चा पुनर्जीवित पारे। त्यही मोर्चाबाट अलग्गिएको एक समूहले २०६५ माघ १६ गते इन्द्रहाङ खम्बूको नेतृत्वमा खम्बुवान डेमोक्रेटिक फ्रन्ट गठन भयो। खम्बूजन्य संगठनहरूबीच सैद्धान्तिक अन्तरविरोध नभएको फ्रन्टका अध्यक्ष इन्द्रहाङ खम्बू बताउँछन्।

खम्बूजन्य संगठनहरूमध्ये किरात जनवादी वर्कस पार्टीले चाहिँ किरात लिम्बुवान र किराँत खम्बुवानको कुरा उठाइरहेको छ। 'पहिला हामीले किरात स्वायत्त राज्य र त्यसभित्र लिम्बुवान र खम्बुवान उपस्वायत्तको अवधारणा अघि सारेका थियौं। तर, उपस्वायत्त उपयुक्त नहुने रहेछ। त्यसैले लिम्बुवान र खम्बुवान स्वायत्त राज्यकै कुरा उठाउन थालेका हौं', किरात जनवादी वर्कर्स पार्टीका प्रवक्ता अनन्त क्रान्तिले बताए।

कोपनहेगन, होपनहेगन हुँदै ब्रोकनहेगन

पिताम्बर सिग्देल/अन्नपूर्ण

काठमाडौं : जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनले वातावरण संरक्षणका पक्षमा महत्त्वपूर्ण निर्णय गर्ने धेरैको अपेक्षा अन्तिममा गलत साबित भयो। हरितगृह ग्यासको उत्सर्जन घटाउने विषयमा केन्द्रित सम्मेलनले त्यसका बारेमा कुनै भरपर्दो र ठोस निर्णय गर्नै सकेन। सम्मेलनबाट निकालिएका निष्कर्षलाई समेत कानुनको स्वरूपमा ल्याउनुपर्ने संसारको अपेक्षा पनि पूरा भएन। सम्मेलनका निष्कर्ष कानुनको रूपमा पालना गर्नेगरी बाध्यात्मक नबनाई राजनीतिक घोषणापत्रका रूपमा सार्वजनिक गर्नुले सम्मेलनको तौल नै घटाइदियो। विश्वका सबैभन्दा धेरै राष्ट्र तथा सरकारप्रमुख भेला भएको यो सम्मेलनका कुनै पनि निर्णयले कानुनी स्वरूप हासिल गरेनन्। त्यसैले पनि सम्मेलनलाई असफल भन्ने देशहरूको संख्या निकै ठूलो रह्यो। १२ दिनसम्म चलेको विश्व सम्मेलनले विश्व समुदायलाई जलवायु परिवर्तनका बारेमा महत्त्वपूर्ण सन्देश दिनै सकेन।

खासगरी यसअघिको जस्तै विकसित देशहरूले विकासशील देशलाई टाउको माथि उठाउनै दिएनन्। तर, केही ठूला विकासशील देशहरू चीन र भारतलगायतले भने यसका बीचबाट पनि कतिपय निर्णय आफ्ना पक्षमा गराउन सफल भए। यसको सबैभन्दा ठूलो मार अतिकम विकसित देशमाथि पऱ्यो। जलवायु परिवर्तनको सबैभन्दा ठूलो कारकको रूपमा रहेको कार्बनडाइअक्साइडको उत्सर्जन सबैभन्दा धेरै गर्ने अमेरिका, चीन तथा युरोपियन युनियनका देश नै सम्मेलनमा हावी भए। उनीहरूले संयुक्त रूपमा तयार पारेको निष्कर्ष नै कोपनहेगन सम्मेलनको निष्कर्षका रूपमा सार्वजनिक गरियो।

सबैभन्दा धेरै हरितगृह ग्यास उत्सर्जन गर्ने एनेक्स वान देशहरूले आगामी वर्षहरूमा घटाउनुपर्ने हरितगृह ग्यासको मात्राका बारेमा लिखित प्रतिबद्धता जनाउनुपर्ने थियो। तर, उनीहरू त्यो घेराभित्र पस्नै चाहेनन्। जसका कारण उनीहरूले हरितगृह ग्यास उत्सर्जनमा कटौती गर्ने मौखिक प्रतिबद्धता मात्रै जनाए। विकासशील देशहरूको त्यसलाई कानुनको स्वरूपमा ल्याउनुपर्ने मागलाई उनीहरूले ह्याकुलाले मिचिदिए र आफू अनुकूल घोषणा गरे। जसको पालना गर्नुपर्ने कुनै पनि बाध्यात्मक व्यवस्था भएन। क्योटो प्रोटोकलको दोस्रो प्रतिबद्धता पनि आएन। सन् २०१२ मा हरितगृह ग्यासको उत्सर्जन घटाउने अभिसन्धिअनुसार गरिएको पहिलो प्रतिबद्धताको म्याद सकिँदैछ। त्यसैले धनी देशहरूले सन् २०२० र २०५० सम्ममा सन् १९९० को तुलनामा कति प्रतिशत कार्बनडाइ अक्साइडको उत्सर्जन मात्रा घटाउने भन्नेबारेमा दोस्रो अवधिका लागि प्रतिबद्धता जनाउनुपर्ने थियो। तर, त्यो पनि हुन सकेन। धनी देशहरू (एनेक्स वान) ले सन् २०५० सम्ममा ८० प्रतिशतले हरितगृह ग्यासको कटौती गर्ने सामान्य प्रतिबद्धता मात्रै व्यक्त गरे। उनीहरूले आफ्ना छुट्टाछुट्टै प्रतिबद्धता जनाएनन्। सम्मेलनले सन् २०५० सम्ममा विश्वमा हरितगृह ग्यासको उत्सर्जन ८० प्रतिशत घटाउने लक्ष्य निर्धारण गरेको छ।

क्योटो प्रोटोकललाई निरन्तरता दिँदै हरितगृह ग्यासको उत्सर्जन घटाउने प्रतिबद्धतालाई कानुनकै रूपमा अघि बढाउनुपर्ने विकासशील देश (जी ७७) को माग थियो। तर, धनी देशहरूले भने क्योटोलाई निष्क्रिय बनाउने प्रस्ताव गरे। यसको सट्टामा इन्डोनेसियाको बालीबाट पारित गरिएको लङटर्म कोअपरेटिभ एक्सन (एलसीए) अवधारणा अघि बढाउन जोड दिए। जसले अति कमविकसित देशलाई आर्थिक सहयोग गर्नेतर्फ बढी केन्द्रित गर्दै हरितगृह ग्यासको उत्सर्जन कटौती प्रतिबद्धतालाई केही कमजोर बनाउने अभिप्रायले ल्याइएको आरोप कम विकसित देशहरूले लगाए। यसैका कारण यसअघि क्योटो अभिसन्धिमा हस्ताक्षर गरेका धनी देशले पनि यसपटक भने आफूलाई क्योटोको दोस्रो प्रतिबद्धताविरुद्ध प्रस्तुत गरे। अमेरिकाले त क्योटोमा हस्ताक्षर नै नगर्ने यसअघि नै बताइसकेको थियो। जापानको क्योटो सहरमा सन् १९९७ मा भएको पक्ष राष्ट्रहरूको सम्मेलनले हरितगृह ग्यासको उत्सर्जन कटौती गर्न पहिलो चरणमा जनाएको प्रतिबद्धताको समयसीमा २०१२ मा सकिँदैछ। त्यसैले २०२० सम्मका लागि अर्को प्रतिबद्धता आउनुपर्ने थियो, जुन अहिलेसम्म आएको छैन।

सम्मेलनले अतिकम विकसित देशका विपक्षमा तर धनी देशका पक्षमा अर्को एउटा जटिल निर्णय पनि गऱ्यो। विश्वको तापक्रम वृद्धि भइरहेको अवस्थामा अतिकम विकसित देश (एलडीसी) ले तापक्रम वृद्धिको दर १.५ डिग्रीभन्दा तल राख्नुपर्ने प्रस्ताव अघि सारेका थिए। तर, कोपनहेगन सम्मेलनले भने दुई डिग्री सेल्सियसभन्दा तल राखे हुने निष्कर्ष निकाल्यो। जसले अतिकम विकसित देशलाई सबैभन्दा धेरै असर पर्ने निश्चित छ। किनभने यी देशमा तापक्रम वृद्धिको दर संसारका अरू देशभन्दा बढी छ। औद्योगिकीकरण सुरु हुनुभन्दा पूर्वको अवस्थामा वायुमण्डलको तापक्रम कायम गर्न १.५ डिग्रीभन्दा माथि बढ्न दिनै नहुने यो तर्क पनि तुहियो। 'दुई डिग्रीसम्म तापक्रम बढ्यो भने हामीजस्ता देशलाई बाँच्नै गाह्रो हुन्छ', जलवायुसम्बन्धी विशेषज्ञ बटुकृष्ण उप्रेतीले भने। धनी देशहरू भने तापक्रम वृद्धिको दरलाई दुई डिग्रीसम्म धान्ने गरी अघि बढिरहेका छन्। नेपालको हिमाली भागमा तापक्रम वृद्धिको दर संसारका अन्य ठाउँको भन्दा धेरै छ।

> क्योटो प्रोटोकललाई निरन्